# सूर्यगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

चोकदे, नुवाकोट
बागमती प्रदेश, नेपाल

फोनः ९८५१३१६२५८
info@suryagadhimun.gov.np
suryagadhimun@gmail.com
www.suryagadhimun.gov.np


प.सं. ०७९/०८०
च.नं./pmep/

मितिः २०७९/०४/१७

## रोजगार सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना !

(प्रथम पटक प्रकाशित मिति २०७९/०४/१७)

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनका लागि मिति २०७९/०३/२५ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित रोजगार सहायक पदपूर्ति गर्ने सम्बन्धी सूचना बमोजिम यस गाउँपालिकाको रोजगार सेवा केन्द्रमा काम गर्ने रोजगार सहायक, सहायक पाचौं तह, पद संख्या १ (एक) करारमा पदपूर्ति गर्नुपर्ने भएको हुँदा गोरखापत्रमा प्रकाशित सूचना बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित मितिले १५ दिन मिति २०७९ श्रावन ३१ गते समय भित्र यस गाउँपालिकाको कार्यालयमा रितपूर्वकको दरखास्त पेश गर्नहुन यो सूचना प्रकाशन गरिएको छ ।

नोटः आवेदनको ढाँचा र रोजगार सहायक पदको पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेभसाईट www.pmep.gov.np बाट वा सम्पर्क नम्बर **९८४६२६४३७५** बाट प्राप्त गर्न सकिनेछ ।

..............................
विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची

(दफा-५(१) सँग सम्बन्धित)

पदपूर्ति सूचनाको नमूना

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

**प्रधानमन्त्री रोजगार कार्यक्रम**

सिंहदरबार

**रोजगार सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मितिः- २०७९/०४/१७)

७५३ गाउँपालिका/नगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक रोजगार सहायक १ (एक) पद खुला प्रतिस्पर्धाबाट करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित आफूले काम गर्न चाहेको गाउँपालिका तथा नगरपालिकाको कार्यालयमा निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१ - ०७९/०८० | रोजगार सहायक | स्थानीय सेवाको सहायक पाँचौ तह सरह | प्रत्येक गाउँपालिका तथा नगरपालिकामा १/१ जना |

१. आवश्यक न्यूनतम योग्यता र अनुभवः-

सूर्यगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौकदे, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३

क. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको,

ख. दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,

ग. आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको,

२. दरखास्त दिने स्थानः- काम गर्न चाहेको सम्बन्धित गाउँ/नगर कार्यपालिकाको कार्यालय

३. दरखास्त दिने अन्तिम मितिः-.................२०७८/०४/३१

४. आवेदनको दस्तुरः- रु. ५००/- (पाँच सय मात्र)

५. छनौटको किसिमः- प्रारम्भिक योग्ताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा

६. आवेदन साथ संलग्न कागजातहरुः- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजतको प्रतिलिपिहरु

क) नागरिकता

ख) न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र

ग) चारित्रिक प्रमाण पत्र

घ) तालिमको प्रमाणपत्र

ङ) अनुभव भए सोको कागजात

च) २ प्रति पासपोर्ट फोटो

७) सेवा सुविधा तथा अन्य : स्थनीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ । (आवेदनको ढाँचा र रोजगार सहायक पदको कार्यविवरण, पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य विस्तृत जानकारी मन्त्रालय, गाउँपालिका तथा नगरपालिकाको वेवसाइटबाट उपलब्ध हुनेछ ।)

नोट: नेपाल इन्भेष्टमेन्ट बैंक लि. चौकदे शाखा, नुवाकोटमा रहेको खाता नं ०६८०१४००२५००६१ मा बुझाएको रसिद, भौचर निवेदन साथ पेश गर्नुपर्नेछ ।